**प्रेस वक्तव्य**

**लुइस आर्वर**
**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त**
**बर्दियामा बेपत्ता पारिएका घटनाहरूका सम्बन्धमा**

**२०६३ माघ ७**

बर्दियामा सन् २००१ को पछिल्लो अवधि र सन् २००३ को सुरुको अवधिबीचमा बेपत्ता पारिएका व्यक्तिहरू जो सैनिक गस्तीहरूद्वारा समातिएका थिए तिनका आफन्तहरूसँग आज मैले भेट गरें । पक्राउपछि बेपत्ता भएका सबै कहाँ छन् भन्ने स्पष्ट पार्ने तथा को जिम्मेवार थियो भन्ने निर्धारित गर्ने कार्य जरुरी प्राथमिकता हुनुपर्दछ ।

मैले बर्दियामा नेपाली सेनाद्वारा पक्राउ गरिएका वा समातिएका भनिएकाहरूमध्ये करिब दुईसय जनाको नामावली प्राप्त गरेकी छु । उनीहरूको भाग्यस्थिति राज्यका अधिकारीहरूद्वारा कहिल्यै पनि खुलाइएको छैन । तिनका आफन्तहरूले उनीहरू कहाँ छन् भन्ने जान्न खोज्दा ती मानिसलाई - त्यसबेला प्रत्यक्षदर्शीहरू हुँदाहुँदै पनि - थुनिएको थिएन भन्ने अस्वीकृतीहरूको लगातार सामना गरे । यस्ता घटनाको सामान्य उदाहरण शिक्षक सगुनलाल चौधरीको छ जसलाई २०५८ पौष १२ गते सेनाको एउटा गस्तीद्वारा प्रत्यक्षदर्शीहरूका सामुन्ने पक्राउ गरियो । उनलाई पछिल्लोपटक सन् २००२ को सुरुमा चिसापानी ब्यारेकमा देखिएको थियो, तर त्यसयता उनी कहाँ छन भन्ने अत्तोपत्तो छैन र नेसेले उनको पक्राउलाई अस्वीकार गऱ्यो । राज्य अधिकारीहरूले परिवारका प्रियजनहरू बेपत्ता भएको कुरालाई समेत स्वीकार नगरेको तथ्यले तिनले थप मानसिक आघातको सामना गरेका छन् ।

सन् २००३/४ मा भैरवनाथ गणका ब्यारेकहरूबाट बेपत्ता भएकाहरूको घटनाको छानबिन गर्न एउटा कार्यदललाई अनुरोध गर्न सर्वोच्च अदालतले हालै गरेको निर्णय उत्साहप्रद छ र उक्त कार्यदललाई आफ्नो कठिन कार्य पूरा गर्न सहयोग तथा पर्याप्त स्रोतहरू दिइनुपर्ने मेरो कार्यालयले आह्वान गरेको छ । तर, राज्य वा नेकपा-माओवादी जसले गरे पनि बेपत्ता भएकाहरूका सबै मुद्दा स्पष्ट पार्न तथा जिम्मेवारहरूलाई जवाफदेही बनाउन मेरो कार्यालय एक विश्वासनीय, दक्ष, निष्पक्ष र पूर्ण रूपले स्वतन्त्र आयोग स्थापनाको आह्वानलाई जारी राख्दछ । त्यस्ता आयोगका निष्कर्षहरू सार्वजनिक र व्यापक रूपले प्रसारित गरिनुपर्दछ ।

प्रत्यक्ष रूपले वा बेपत्ता पार्ने कार्यमा संलग्न इकाइहरूका लागि कमान दायित्वमार्फत् मुछिएका नेपाली सेनाका ती सदस्यहरूलाई छानबिन नहुइन्जेल कुनै पनि आधिकारिक दायित्वहरूबाट निलम्बित गरिनुपर्दछ र संयुक्त राष्ट्रसङ्घीय शान्तिस्थापना मिसनमा सहभागिताका लागि प्रस्तावित गरिनु हुँदैन । जसविरुद्ध फौजदारी उत्तरदायित्वको प्रमाण छ ती व्यक्तिहरूलाई दण्डहीनतासम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्तहरूमुताविक न्याय गर्न नागरिक अदालतसमक्ष उभ्याइनुपर्दछ ।

साथै, हर्जानाको मुद्दालाई पनि सम्बोधन गरिनुपर्दछ । विशेषतः बेपत्ता भएकाहरूका थारू महिला आफन्तहरूले आयको अभाव हुनाले, श्रीमान नहुनुको सामाजिक कलङ्क र बेपत्ता भएको व्यक्तिको अज्ञात अवस्थाको कारणले सम्पत्तिको अस्पष्ट कानुनी स्थितिले गर्दा बाँच्नका लागि निरन्तर आर्थिक सङ्घर्षको सामना गरेका छन् । बेपत्ता भएकाहरूका परिवारका सदस्यहरूका सामाजिक, साँस्कृतिक र आर्थिक अधिकारहरूमाथि परेको प्रभावलाई सरकारद्वारा उपेक्षित गरिनु हुँदैन ।

बेपत्ता पारिनु स्वयम् भइरहने मानवअधिकारको उल्लङ्घन हो, र बेपत्ता पारिएका व्यक्तिहरू कहाँ छन् भन्ने वा तिनको भाग्यस्थिति निर्धारित नभएसम्म जबर्जस्ती बेपत्ता पार्ने कार्य वा आरोपहरूको छानबिन गर्ने अन्तर्राष्ट्रिय कानुनअन्तर्गत राज्यको निरन्तर दायित्व हुन्छ । उच्चायुक्तको कार्यालयले राज्य अधिकारीहरूद्वारा बेपत्ता पारिएका करिब ५०० र नेकपा (माओवादी)द्वारा अपहरण गरिएका भनिएका करिब १२० मानिससम्बन्धी रिपोर्टहरू प्राप्त गरेको छ जो अहिलेसम्म कहाँ छन् भन्ने स्पष्ट पारिएको छैन ।

बेपत्ता पारिएका सबै घटनाबारे छानबिन गर्न एउटा पूर्ण रूपले स्वतन्त्र आयोग स्थापना गर्नुका अतिरिक्त सरकारले यस्ता दुर्व्यवहार पुनः हुन नदिन कार्य गर्नुपर्दछ । नेपालको वर्तमान कानुनी ढाँचा बेपत्ता पार्ने कार्यविरुद्ध संरक्षण गर्न अपर्याप्त छ, जसलाई विद्यमान कानुनअन्तर्गत अपराधकृत गरिएको छैन । नयाँ सैनिक ऐनले सैनिक अदालतको बेपत्ता पार्ने कार्य र यातनामाथि क्षेत्राधिकार छ भन्ने स्पष्ट व्यवस्था गरेको छ - यी गम्भीर मानवअधिकार उल्लङ्घनहरू हुन र यिनलाई बरु नागरिक न्याय प्रणालीमार्फत् समाधान गर्ने प्रयत्न गरिनुपर्दछ । सरकारले हालै सन् २००६ डिसेम्बरमा महासभाद्वारा पारित गरिएको *जबर्जस्ती बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि*लाई अनुमोदन गरेर बेपत्ता हुन नदिने प्रतिवद्धता पनि प्रदर्शन गर्नसक्छ ।

मेरो कार्यालयले राज्यका सुरक्षाफौज र नेकपा (माओवादी) दुवैद्वारा बर्दिया र देशका अन्य भागहरूमा बेपत्ता पारिएका घटनाहरूसम्बन्धी आफ्नो छानबिनलाई जारी राख्नेछ । हामी बेपत्ता पारिएकाहरूको अवस्था के छ भन्ने वा तिनको भाग्यस्थिति पत्ता लगाउन तथा न्याय हासिल गर्न तिनका परिवारसँग मिलेर गर्ने कार्यलाई जारी राख्नेछौं ।